संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ७

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल जेठ १३ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्रप्रसाद बडूले विश्व बजारमा पेट्रोलियम पदार्थको अभावका कारण भएको मूल्यवृद्धिले नेपालमा पनि वाध्यात्मक रुपमा मूल्यवृद्धि गर्नुपरेको विषयमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

यसैबीच मा० श्री खगराज अधिकारीले नियमापत्ति गर्नुहुँदै मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीले सार्वजनिक महत्वको वक्तव्य दिने क्रममा विपक्षी दलका नेतालाई लक्षित गरी बोल्नुभएको शब्दहरु असंसदीय र स्तरहीन रहेकोले मा० मन्त्रीले उक्त शब्दहरु फिर्ता लिनुपर्ने भन्नुभएपछि ने.क.पा. (एमाले)का मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभयो ।

तत्पश्चात मा० श्री विशाल भट्टराईले ने.क.पा. (एमाले)ले उठाएका माग पूरा नभएपनि धेरै मा० सदस्यहरुको आग्रह र संसदको गरिमाको लागि लामो समयदेखि गर्दै आएको अवरोधलाई स्थगित गरेको तर सरकारका मन्त्रीबाट संसदको सबैभन्दा ठूलो पार्टी रहेको ने.क.पा. (एमाले) एवं विपक्षी दलका नेतालाई आधारहीन र गम्भीर आक्षेप लगाइएकोले सो शब्दहरु रेकर्डबाट नहटाएसम्म सदनको कारवाही अगाडि बढ्न सक्दैन र यस सम्बन्धमा संसदीय छानविन समिति गठन गरियोस् भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले पुनः मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीलाई आफ्नो बाँकी भनाई राख्न अनुमति दिनुभएपछि ने.क.पा. (एमाले) का मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० सदस्यहरुको दलका प्रमुख सचेतकले माग गर्नुभए बमोजिम रेकर्ड हेरेर निष्कर्षमा पुगिने जानकारी गराएपछि मा० श्री खगराज अधिकारीले पेट्रोलियम पदार्थको सम्बन्धमा विगतदेखि भएको मूल्य समायोजनको अध्ययन गर्न संसदीय छानविन समिति गठन गरियोस् र मा० मन्त्रीले प्रमुख प्रतिपक्ष दलका नेतालाई लक्षित गरी प्रयोग गर्नुभएको आपत्तिजनक शब्द फिर्ता नभएसम्म अवरोध कायम रहन्छ भन्नुभएपछि ने.क.पा. (एमाले) का मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभयो ।

तदुपरान्त अवरोधको बीच मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले आफ्नो बाँकी भनाई राख्नुभएपछि पनि ने.क.पा. (एमाले) का मा० सदस्यहरुको अवरोधको कायम रहेपछि सम्माननीय सभामुखले मा० सदस्यले उठाउनु भएको विषयमा ध्यानाकर्षण भैसकेकोले मा० सदस्यहरुलाई आ-आफ्नो स्थान ग्रहण गर्न आग्रह गर्नुहुँदा पनि ने.क.पा. (एमाले)का मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिइरहनु भएपछि बैठक १५ मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक १५ मिनेटपछि बस्नेगरी बिहान ११:४० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको १५ मिनेटको लागि स्थगित भएको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको २:३५ बजे प्रारम्भ भयो ।

प्रारम्भमा सम्माननीय सभामुखले आज मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीले सार्वजनिक महत्वको वक्तव्य दिने क्रममा असंसदीय शब्द प्रयोग भएको भनी प्रमुख विपक्षी दलका मा० सदस्यहरुले नियमापत्ति जनाउनु भएको हुँदा मा० मन्त्रीले बोल्ने क्रममा प्रयोग गर्नुभएका असंसदीय शब्दहरु अभिलेखबाट हटाउन सचिवालयलाई निर्देश गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आजको कार्यसूचीको क्रमसंख्या १ को कार्यक्रम आजको सूचीबाट हटाईएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय राष्ट्रपति महोदयले २०७९ जेठ १० गते मंगलबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०७९/०८० को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको जारी छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री ईश्वर पोखरेल
२. मा० डा० मिनेन्द्र प्रसाद रिजाल
३. मा० श्री ओनसरी घर्ती
४. मा० श्री माधव कुमार नेपाल
५. मा० श्री प्रमोद साह
६. मा० श्री राजेन्द्र महतो
७. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
८. मा० श्री लालबाबु पण्डित
९. मा० श्री मानबहादुर विश्वकर्मा
१०. मा० श्री सुरेन्द्र कुमार कार्की
११. मा० श्री लक्ष्मी कुमारी चौधरी
१२. मा० श्री लिला देवी सिटौला
१३. मा० श्री विन्दा पाण्डे
१४. मा० श्री भरत कुमार शाह
१५. मा० श्री अमन लाल मोदी
१६. मा० श्री विना देवी बुढाथोकी
१७. मा० श्री रेनुका गुरुङ्ग
१८. मा० श्री नारदमुनी राना
१९. मा० श्री अभिषेकप्रताप शाह
२०. मा० श्री पूर्ण कुमारी सुवेदी
२१. मा० श्री समिना हुसेन
२२. मा० श्री दलबहादुर राना
२३. मा० श्री देवेन्द्र राज कंडेल
२४. मा० श्री अमृता थापा
२५. मा० श्री सरला कुमारी यादव

त्यसपछि सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिको सम्बोधनमा उल्लिखित आ.व. २०७९/०८० को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम बाँकी नै रहेको र सम्माननीय प्रधानमन्त्रीले जवाफ दिने कार्य समेत बाँकी रहेकोले नीति तथा कार्यक्रममाथिको सो कार्यको लागि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ३८ को उपनियम (१) बमोजिम २०७९ साल जेठ १४ गतेको दिन समेत थप गरेको जानकारी गराउनु हुँदै सम्माननीय राष्ट्रपतिको सम्बोधनमा उल्लिखित आ.व. २०७९/०८० को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदुपरान्त विकास तथा प्रविधि समितिका मा० सभापति श्री कल्याणी कुमारी खड्काले “विकास तथा प्रविधि समितिको वार्षिक प्रतिवेदन, २०७८” पेश गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल जेठ १४ गते शनिबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक अपरान्ह ७:१५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव